पूर्वाञ्चल विश्वविद्यालय
परीक्षा व्यवस्थापन कार्यालय
विराटनगर, नेपाल ।

आ. व.: २०८३/०८४ मितिः २०८३।०६।१३

श्री क्याम्पस प्रमुखज्यू,

BE (Civil/Computer/ECA/E&C/Electrical/Geomatic/Biomedical), B. Architecture अध्यापन हुने सम्पूर्ण क्याम्पस/कलेजहरू ।

विषयः- परीक्षा आवेदन फारम भराई पठाईदिने बारे ।

पूर्वाञ्चल विश्वविद्यालयद्वारा इञ्जिनियरिङ्ग संकाय अन्तर्गत सन् २०२६ मा सञ्चालन गरिने **BE (Civil/ Computer/ ECA /E&C/ Electrical/Geomatic/Biomedical), B. Architecture** शैक्षिक कार्यक्रमहरूको **छैटौं** सेमेस्टर नियमित तथा आंशिक रूपमा त्यस क्याम्पस/कलेजमा अध्ययनरत विद्यार्थीहरूलाई मिति २०८३/०८/०२ गतेसम्म परीक्षा आवेदन फारम भराई मिति २०८३/०८/०७ गते नविल बैंक स्थित यस कार्यालयको **A/C 00710017518402** मा परीक्षा शुल्क तथा सम्बन्धन शुल्क जम्मा गरी सो वापतको रकम मिति २०८३/०८/१० गतेभित्र सक्कलै भौचर र परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलब्ध गराई दिनु हुन जानकारी गराइएको छ । उक्त मितिसम्म परीक्षा फारम भर्न छुट भएका विद्यार्थीहरूको लागि तपशिल वमोजिमको विलम्ब शुल्क लिई तोकिए वमोजिमका मितिसम्म फाराम भराई नियमानुसारको परीक्षा शुल्क र विलम्ब शुल्क सहित परीक्षा आवेदन फाराम यस कार्यालयमा उपलब्ध गराई सक्नु पर्नेछ । त्यसपछि प्राप्त भएका परीक्षा आवेदन उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराउँदै सम्बन्धित परीक्षार्थीहरूलाई भराउनु पर्ने परीक्षा आवेदन फाराम थान ..... यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । साथै, परीक्षा फाराम भराउँदा तपशिल वमोजिमको निर्देशनहरू अनिवार्य रूपमा पालना गर्न/गराउन अनुरोध छ ।

तपसिलः

१. परीक्षा आवेदन फाराम पठाउँदा शैक्षिक सत्र समूह अनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई विषयगत विवरण फाराम तयार गरी फाइलिङ्ग गरी पठाउनु पर्नेछ ।
२. परीक्षा आवेदन फाराममा विद्यार्थीले रजिष्ट्रेशन नं. अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ । तोकिएको कागजातहरू पूरा नभई दर्ता (Registration) हुन नसकेका विद्यार्थीहरूको फाराम स्वीकृत हुने छैन ।
३. परीक्षा आवेदन फाराममा रहेको तीनवटा फोटो मध्ये पहिलो फोटोमा सम्बन्धित क्याम्पस/कलेजका क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फाराममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्नेछ । अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।
४. परीक्षा आवेदन फारामको पछाडि सम्बन्धित विद्यार्थीको हाजिरी अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ ।
५. परीक्षा आवेदन फाराममा लिखित तथा प्रयोगात्मक दुबै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरू समेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ । प्रयोगात्मक विषयमा मात्र अनुत्तिर्ण विद्यार्थीले समेत अनिवार्य रूपमा परीक्षा आवेदन फाराम भर्नुपर्नेछ ।
६. कुनै परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन र परीक्षा आवेदन फाराममा विषय गलत लेखी पठाएमा विषय सच्याउन प्रति विषय रू. ५००।- लाग्नेछ ।
७. परीक्षा शुल्क देहाय वमोजिम हुनेछः

क्र.सं.	विवरण	परीक्षा शुल्क
१.	परीक्षा शुल्क (२०२० समूहदेखिका परीक्षार्थीहरूलाई)	रू.१,५००।- प्रति विद्यार्थी
२.	**परीक्षा शुल्क : २०१६ समूहसम्म**	
	आंशिक १ विषय	रू.५००।- प्रति विद्यार्थी
	आंशिक २ विषय	रू.८००।- प्रति विद्यार्थी
	आंशिक २ भन्दा बढी विषय	रू.१,१००।- प्रति विद्यार्थी
३.	विलम्ब शुल्क -तोकिएको म्याद समाप्त भएको मितिले ७ दिनभित्र)	रू.१,०००।- प्रति विद्यार्थी
४.	विलम्ब शुल्क -परीक्षा शुरू हुनुभन्दा १० दिन अगाडिसम्म)	रू.२,०००।- प्रति विद्यार्थी
५.	विलम्ब शुल्क -परीक्षा शुरू हुनुभन्दा ५ दिन अगाडिसम्म)	रू.३,०००।- प्रति विद्यार्थी

सह-परीक्षा नियन्त्रक

नोटः

१. **क्र.सं. ४ र ५ बमोजिमको शैक्षिक कार्यक्रम अनुसार पहिलो दिन सुरू हुने परीक्षालाई शुरू भएको दिन मानिनेछ ।**
२. सम्बन्धित क्याम्पस/कलेजका प्रतिनिधि मार्फत परीक्षा आवेदन फारामहरू बुझाउनु हुन जानकारी गराइन्छ । अन्य कुनै पनि माध्यमद्वारा पठाइएका परीक्षा आवेदन फारामहरू स्वीकृत नगरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।